सन् 2025 मार्च संस्करण

2025

Amagasaki नगर

सुनामी

सुनामी जोखिमको नक्सा

Nankai ट्रफमा महाभूकम्प आउने अनुमान अनुमानित अधिकतम क्लासको सुनामी

सुनामी जोखिमको नक्सामा, Amagasaki नगरमा समेत ठूलो असर पार्ने अनुमान गरिएको Nankai ट्रफ महाभूकम्प आएको अवस्थामा अनुमान गरिने "अधिकतम क्लासको सुनामी" द्वारा हुने डुबानको गहिराइलाई इङ्गित गरिएको छ।

•भूकम्पको तीव्रता तथा भूकम्पको कारण हुने समुद्र छेउछाउका सुविधा स्थलको क्षतिको अवस्था अनुसार यस नक्सामा चित्रण नगरिएको स्थानमा समेत डुबान हुने सम्भावना रहन्छ र, डुबानको गहिराइ पनि गहिरो हुने अवस्था समेत हुने हुँदा होसियारी आवश्यक हुन्छ। साथै, सुनामी पहिलो लहर मात्र नभएर, जति पटक पनि दोहोरिएर हमला गर्न सक्ने भएकोले, सुनामी चेतावनी र सावधानी सूचना नहटाइए सम्म सतर्क रहँदै, सुरक्षित ठाउँमा आश्रय लिन गई राख्नुहोला।

यो नक्सामा तलका डुबान अनुमानित क्षेत्रलाई इङ्गित गरिएको छ
Nankai ट्रफ महाभूकम्प सुनामी डुबान अनुमानित नक्सा (सन् 2013 डिसेम्बरको समय बिन्दुमा)
(Amagasaki नगर)
[सिर्जनाकर्ता] Hyogo प्रान्त

आउने पूर्वानुमान
यस नक्सामा अनुमानित डुबान हुनका लागि आवश्यक अवस्था

आगामी 30 वर्ष भित्रमा
Nankai ट्रफ महाभूकम्प
आउने सम्भावना 80% जति
M8 देखि 9 को क्लासको
डुबानको अनुमान नगरिएका स्थान, रङ्ग नपोतिएको स्थानमा समेत सावधानी आवश्यक हुन्छ।

Amagasaki नगरमा विपद् आइपरेको समयको लागि, निम्न आश्रय स्थलहरू निर्धारण गरिएका छन्।

सुनामी आदि अस्थायी आश्रय स्थल भन्नाले सुनामी, तुफानी ज्वारभाटा, बाढी इत्यादि आएको बेलामा, सुनामी चेतावनी या सुरक्षित स्थानमा जाने जानकारी सम्बन्धी सूचना जारी गरिएको समय देखि सूचना रद्द गरेसम्मको अन्तरालमा, अस्थायी रूपले आश्रय लिन सकिने स्थान हो। सार्वजनिक सुविधा गृहका अलावा, निजी भवनका मालिकहरूबाट आश्रय स्थल तोकनमा सहयोग प्राप्त भएको छ।

तोकिएको आश्रय स्थल भनेको विपद् द्वारा बसोबास गुमेको अवस्था या, विपद् आइपरे पश्चात् विपद्को जोखिम नहटेसम्म मध्यम तथा दीर्घकालीन अवधि सम्मको लागि सुरक्षित विस्थापित जीवनयापन गर्ने स्थान हो।

कल्याणकारी आश्रय स्थान भन्नाले विपद्को बेलामा सहायता र विशेष हेरचाह आवश्यक पर्ने व्यक्ति (विपद्को समयमा सहायता आवश्यक पर्ने व्यक्ति) लाई मध्यनजर गरिएको आश्रय स्थल हो।
(विपद्को बेलामा आवश्यकता अनुसार खोलिने द्वितीय चरणको आश्रय स्थान हो जुन, मूलतः सुरुवातदेखि नै उपयोग गर्न मिल्दैन।)

पहिल्यै देखि आफ्नो लागि भाग्न सजिलो हुने आश्रय स्थल निश्चय गरी राखौं।

आश्रय गन्तव्य स्थल सोच्ने

आश्रय रूट ठम्याई राख्ने

पैदल दूरीको अनुमान

सिक्का पैसा प्रयोग गरेर नक्सामा अनुमानित दूरी र समय मापन गरेर हेरौं।

नक्सामा अनुमानित दूरी र समय मापन गर्ने

10 येनको सिक्का 1 ओटा बराबर लगभग400m

23.5mm

10 येनको सिक्का 1 ओटा बराबर लगभग
14 मिनेट

हिँडडुल गर्न समस्या पर्ने व्यक्ति, दुधेबालक आदि
प्रत्येक सेकेण्ड लगभग 0.5m
लगभग 7 मिनेट
प्रत्येक सेकेण्ड लगभग 1.0m

•पैदल गति गणना गर्दा, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय अग्नि नियन्त्रण विभागको "सुनामीबाट भाग्ने प्रतिरूपका प्रवर्द्धन म्यानुअल निर्माणार्थ विचार विमर्श आयोगको प्रतिवेदन" लाई सन्दर्भ सामग्री मानेर गणना गरिएको छ।

साङ्केतिक अर्थ सूची

- सुनामी आदि अस्थायी आश्रय स्थल
- तोकिएको आश्रय स्थल
- कल्याणकारी आश्रय स्थान
- नगरपालिका कार्यालय
- कर्तव्यरत प्रवर्द्धन केन्द्र
- पुलिस स्टेशन
- दमकल स्टेशन
- सरकारी मान्यता प्राप्त आपतकालीन उपचार सक्षम चिकित्सा संस्था
- हेलिप्याड
- पानी रोक्ने गेट
- जलप्रकोप नियन्त्रण गोदाम
- पम्पिङ स्टेशन आदि
- ढल प्रशोधन प्लान्ट
- जल स्तर नरीक्षण स्थान
- विपद् रोकथाम प्रशासनिक वायरलेस माइकिङ
- भूमिगत बजार आदि (पार्किङ स्थल, व्यावसायिक सुविधा स्थल)
- भूमिगत सडक, अन्डरपास-रोड
- समुद्री सतह देखिको उचाइ

अनुमानित डुबानको गहिराइ

- 5.0m देखि 10.0m भन्दा कम
- 3.0m देखि 5.0m भन्दा कम
- 1.0m देखि 3.0m भन्दा कम
- 0.5m देखि 1.0m भन्दा कम
- 0.5m भन्दा कम

अनुमानित डुबानको गहिराइ

डुबानको गहिराइ
- 5m देखि 10m — 2 तल्लाको छाना भन्दा माथि सम्म डुबान
- 3m देखि 5m — 2 तल्लाको छाना मुनि डुबान
- 1m देखि 3m — 1 तल्लाको छाना मुनि डुबान
- 0.5m देखि 1m — भुई माथि डुबान
- ~ 0.5m भन्दा कम — आफ्ना निजी जग्गा समेत खाली

रङ्ग नपोतिएको स्थान समेत डुबानमा पर्न सक्छ। सावधान भएर चाँडै सुरक्षित स्थानमा आश्रय लिन जानमा मन लगाऔं।

होसियार रहनुपर्ने सुनामीको विशेषता

सुनामी फैलिने गति र उचाइ

सुनामी आउँदा, पानीको गहिराइ जति गहिरो हुन्छ त्यति नै छिटो फैलन्छ र, जति कम गहिरो हुन्छ त्यति नै छालको उचाइ बढ्छ।

800km/घण्टा 250km/घण्टा 110km/घण्टा 36km/घण्टा
पानीको गहिराइ 5000m 500m 100m 10m

समुद्रको पानी किनाराबाट भित्र नतानिइकन पर्ने सुनामी आउँछ

धेरैजसो समुद्रको पानी किनाराबाट भित्र तानिएपछि सुनामी सुरु हुन्छ भनिन्छ तर, भूकम्पको आउने तरिका तथा केन्द्रबिन्दु वरपरको भूबनोट अनुसार समुद्रको पानी किनारा भित्र नतानिने अवस्था समेत हुनसक्छ।

दोसो लहर, तेसो लहर गरी बारम्बार दोहोरिने

सुनामी बारम्बार फर्कर आउने गर्छ। अनिवार्य रूपमा पहिलो लहर नै सर्वाधिक ठूलो हुन्छ भन्ने हुँदैन।

दोसो लहर
पहिलो लहर

सुनामीको उचाइ कल्पना गरे भन्दा बढी

सुनामीको उचाइलाई समुद्र छेउछाउको भूबनोट आदिले ठूलो फरक पार्छ। कम गहिरो तथा V आकारको बे हरूमा खासगरी उच्च हुने प्रवृत्ति हुन्छ।

नदीनालाबाट माथि तर्फ फर्कने (उल्टो बग्ने)

सुनामी, नदीको मुख (नदी र समुद्रको सङ्गम) बाट पसेर, जति कि.मि. पनि माथितिर फर्कने (उल्टो बग्ने) गर्न सक्छ। माथि फर्केको सुनामीले, नदीनालाको तटबन्धलाई नाघेर नदी किनाराको क्षेत्रमा ठूलो क्षति पुर्याउन सक्छ।

क्षितिज लक्षित आश्रय

JR Kobesen लाइन भन्दा उत्तर तिर एवम् Inagawa नदी, Mogawa नदी, Mukogawa नदी जस्ता नदीनालाबाट टाढाको ठाउँमा आश्रय लिनको लागि जाऔं।

आश्रय लिन जाने लक्ष्यको लाइन JR Kobesen लाइन

सुनामी आइपुग्नु अघि आश्रय लिन जाँदा विशेष सावधानी आवश्यक हुने क्षेत्र

•निम्न लिखित "ज्यान जोगाउन आश्रय लिन जाने गतिविधि" हेरेर चाँडै सुरक्षित स्थल तर्फ आश्रय लिन जानुहोस्।

1 सुनामीबाट सुरक्षित स्थानमा भाग्नुपर्ने लक्षित क्षेत्रहरू — सुनामीबाट सुरक्षित स्थानमा भाग्नुपर्ने लक्षित क्षेत्रहरू भन्नाले, सुनामी आएको खण्डमा सुरक्षित ठाउँमा आश्रय लिन जानुपर्ने भनेर सोचिने क्षेत्रहरू हुन्।

2 सुनामी आउँदा सावधानी आवश्यक हुने क्षेत्र — सुनामी आउँदा सावधानी आवश्यक पर्ने क्षेत्र भन्नाले, Nankai ट्रफ महाभूकम्प आएपछिको सुनामीको सर्वाधिक छोटो आगमन समय 117 मिनेट भित्रमा, सुनामी डुबान अनुमानित क्षेत्र भन्दा बाहिरपट्टि क्षितिज लक्षित आश्रय लिन जान गाह्रो पर्न सक्ने अनुमान गरिने भएकोले, घुरी लक्षित आश्रय सहितको आश्रय गतिविधि प्रति ध्यान पुर्याउनु पर्ने क्षेत्रलाई बुझ्नुपर्छ।

ज्यान जोगाउन आश्रय लिन जाने गतिविधि ①
समुद्र या नदीबाट टाढा JR Kobesen लाइनबाट उत्तर तर्फ !
क्षितिज लक्षित आश्रय

ज्यान जोगाउन आश्रय लिन जाने गतिविधि ②
सुनामी आदिको लागि बनेका अस्थायी आश्रय स्थल जस्ता बलिया भवनको 3 तल्ला वा सो भन्दा माथि तर्फ !
घुरी लक्षित आश्रय

ज्यान जोगाउन आश्रय लिन जाने गतिविधि ③
फलामे बार र कङ्क्रिट मिसाइर बनाइएको संरचनाहरूको 3 तल्ला वा सो भन्दा माथि भएमा, त्यहाँ घरभित्र पसेर सुरक्षा सुनिश्चिता बनाउने!
आफ्नै घरमा आश्रय लिने (Zaitaku Hinan)
3F

आफ्नै घरमा आश्रय लिने (Zaitaku Hinan)

[ठोका सेट गर्दाको सर्त] उच्च ज्वारभाटाको समयमा सुनामी आउँछ भन्ने मानेर, पृथ्वीको क्रस्टल चाल, भूकम्पद्वारा नदीनाला तथा समुद्र छेउछाउका संरचनाहरू भासिने कुरालाई मध्यनजर गरिएको हुन्छ। ज्वारभाटा प्रतिरोधी फलामे ढोकाहरू भूकम्पबाट बच्ने खालका हुन्छन् र, स्वचालित सुविधा स्थल तथा सामान्य समयमा बन्द रहने सुविधास्थल बाहेकका सबै खुला अवस्थामा रहन्छन्। ज्वारभाटा रोक्ने तटबन्ध नाघेर सुनामी पसेमा त्यसले काम गर्दैन भन्ने सोचेर नै ढोका सेट गरिएको हुन्छ।

अधिकतम	सर्वाधिक अग्लो सुनामी जल स्तर	भूकम्प आएपछि बाट
भूकम्पीय तीव्रता गुणाङ्क (सिन्दो) 6+	4.0m	117 मिनेट पछि
बराबरको कम्पन ल्याउने	समुद्री सतह देखि 0M देखिको उचाइ	सुनामी (1M) आउने

•Hyogo प्रान्त Nankai ट्रफ महाभूकम्प, सुनामी क्षति अनुमान (सन् 2014 साल जुन) अनुसार

1 : 17,000
0 500 1,000m
ग्रिडको अन्तराल 1km (1,000m)

【जारीकर्ता, सोधपुछ】
Amagasaki नगर सड़कट व्यवस्थापन तथा सुरक्षा ब्युरो; सड़कट व्यवस्थापन तथा सुरक्षा विभाग; विपद् व्यवस्थापन शाखा
〒660-8501 Hyogo-ken Amagasaki-shi Higashi Nanamatsu Cho 1-23-1
टेलिफोन नम्बर: 06-6489-6165 फ्याक्स नम्बर: 06-6489-6166